दर्शन-दृष्टि

(अर्ध-वार्षिक)

(वर्ष २, अङ्क २, पूर्णाङ्क ४, २०७० असोज)

Philosophical View

(Bi-Annual)

Vol. 2, No. 2, S. No. 4 (2013, October)

सल्लाकारहरु:

प्रा.डा. वीरेन्द्र प्रसाद मिश्र
राप्रउ पोखरेल
प्राज्ञ विष्णु प्रभात
प्राज्ञ दीपक ज्ञवाली

सम्पादकहरु:

डा. निर्मलमणि अधिकारी
अभय शर्मा
रविप्रसाद गुरागाईं
न्हुच्छे बहादुर महर्जन

सम्पादन सहयोगी:

प्रेमराज शिल्पकार

ग्राफिक्स/डिजाईन:

ईन्द्र राना मगर

मुद्रण:

बि.आर. प्रिन्टर्स
मनमैजु, काठमाडौं,
फोन नं. : ०१-४४१२३५८
मो. नं.: ९८५१०६८५६९

मूल्य रू. १००/-

सम्पादकीय...

'स्वतन्त्र चिन्तन' वर्तमान नेपालको दार्शनिक क्षेत्रको लागि मात्र नभई समग्र आर्थिक, सामाजिक, राजनैतिक क्षेत्रको लागि आवश्यक छ । किनकि दार्शनिक छलफल-अन्तरक्रियाहरु शान्तिपूर्ण रुपमा हुनु भनेको दार्शनिक क्षेत्र नयाँ चरणमा प्रवेश गरेको संकेतहरु हुन् । नेपालमा दार्शनिक गतिविधि जति मात्रामा हुनु पर्दथ्यो, हुन सक्दथ्यो, त्यो नभएको चाहिँ साँचो हो । नेपाल दर्शन अध्ययन केन्द्रद्वारा प्रकाशित भैरहेको 'दर्शन-दृष्टि' लाई बौद्धिक क्षेत्रबाट 'दार्शनिक पत्रिका' को रुपमा स्वीकार गर्नुलाई हाम्रो प्रयास सार्थक भएको संझिएका छौं ।

एकातिर यस पत्रिकालाई निरन्तरता र नवीनता दिनको लागि प्रयासरत छौं भने अर्कोतिर आर्थिक कठिनाई पनि भोग्दैछौं । त्यसैले आगामी अंकको स्वरुप बारेमा (सिर्फ डिजिटल स्वरुप) पाठक शुभ-चिन्तकहरुसंग अन्तरक्रिया पनि गर्दैछौं । आशा छ, यस अकंलाई पनि पहिला झै मन पराएर अझ अगाडि जान ऊर्जा प्रदान गर्नु हुनेछ । धन्यवाद !

प्रकाशक:

नेपाल दर्शन अध्ययन केन्द्र प्रा. लि.

डिल्लीबजार, काठमाडौं ।

Nepal Darshan Adhyayan Kendra

Dillibazar, Kathmandu, Nepal

Email : contact@ philosophynepal.org.np

Website : www.philosophynepal.org.np

www.facebook.com/nepaldarshan.adhyayankendra

कार्य समिति

अभय शर्मा (कार्यकारी अध्यक्ष)
मोबाईल नं.: ९७४१२००७२६
Email: nepal.philosopher@gmail.com

रवि प्रसाद गुरागाईं (सदस्य)
मोबाईल नं.: ९८४१३२०३१०
Email: ravi_abiral@yahoo.com

न्हुच्छे बहादुर महर्जन (सदस्य)
मोबाईल नं.: ९८४१६७२७७६
Email: chhe_nhu@yahoo.com

सञ्चारप्रक्रियाका तत्त्वहरू: भाट्ट-मीमांसा-दार्शनिक दृष्टिकोण

✍ *डा.निर्मलमणि अधिकारी* ★

यस लेखमा भाट्ट-मीमांसा-दार्शनिक दृष्टिकोणबाट सञ्चार-तत्त्वहरूबारे परिचर्चा गरिएको छ । यसबारे विस्तृत विवरण एवं विश्लेषणका लागि यस लेखकको विद्यावारिधि शोधप्रबन्ध द्रष्टव्य छ (अधिकारी, वि.सं. २०६९क) ।

(क) भावकहरू

सञ्चारप्रक्रियामा दुई पक्षको सहभागिता सदैव अपेक्षित हुने तथ्यलाई जैमिनि स्वयंले अङ्गीकार गरेको देखिन्छ । यही कुरालाई भाष्यकार शबर एवं वार्तिककार कुमारिलले पनि बताएका छन् । सूत्रकार, भाष्यकार र वार्तिककार सबैको कथनको निहितार्थ केलाउँदा के प्रष्ट हुन्छ भने मीमांसकहरूका दृष्टिमा कुनै पनि मानव सञ्चारप्रक्रियामा दुई पक्ष (जस्तै : वक्ता र श्रोता) सहभागी हुन्छन् । सञ्चारप्रक्रियामा संलग्न दुई पक्षबीचको 'कार्य-कारणसम्बन्ध'लाई एकोहोरो वा रेखीय प्रक्रियाका रूपमा लिइयो भने त्यो मीमांसानुकूल हुँदैन किनभने सञ्चाररत ती दुई पक्षबीचको सम्बन्ध स्थिर नभई गतिमान् हुने मत कुमारिल भट्टको रहेको पाइन्छ । उनले *श्लोकवार्तिक*मा वक्ता र श्रोता अदला-बदली हुने स्थिति हुन् भनेका छन् । सञ्चाररत दुवै पक्षको एकसाथ प्रेषक र प्रापक दुवै हैसियत रहेको कुमारिलको अभिप्राय देखिन्छ ।

यसरी भाट्ट-मीमांसा-दर्शनानुसारको सञ्चारप्रक्रियामा दुई पक्षको सहभागिता हुने र ती दुवै पक्षको प्रेषक र प्रापक हैसियत युगपत् वा एककालिक् रहने हुनाले तिनलाई साझा संज्ञा 'भावक'ले संज्ञित गरिएको छ । मीमांसादर्शनानुसार 'भावना-क्रिया' (शाब्दी भावना र आर्थी भावनासँग सम्बद्ध) मा संलग्न हुने भएकाले सञ्चारकर्तालाई जनाउनका लागि 'भावक' संज्ञा उपयुक्त हुन्छ ।

(ख) भावना (शाब्दी र आर्थी)

'भू' धातुबाट प्रेरणार्थक 'णिच्' प्रत्यय लगाएर 'भावना' शब्द निर्मित हुन्छ । मीमांसा परम्परामा भावना क्रियार्थक हो । *शास्त्रदीपिका, मीमांसान्याय प्रकाश, अर्थसंग्रह र मीमांसा*परिभाषा सबैमा भावनालाई 'व्यापार'का रूपमा लिइएको छ र कुमारिललेभैँ उनका परवर्ती मीमांसकहरूले पनि भावनालाई क्रियार्थक मानेको देखिन्छ । भावना मानसिक क्रिया (व्यापार) हो । क्रियार्थक 'भावना' ले कार्य-व्यापार वा कर्मानुष्ठान (वैदिक सन्दर्भमा चाहिँ यागानुष्ठान) प्रति प्रवृत्ति (अभिप्रेरणा वा उन्मुखता) को अपेक्षा गरेको

★ *भाषा तथा आमसञ्चार विभाग, काठमाडौँ विश्वविद्यालय*

हुन्छ ।

मीमांसादर्शनमा अभिहित 'भावना' का दुई आयाम हुन्छन् : शाब्दी भावना र आर्थी भावना । शब्दनिष्ठ प्रेरणापरक (प्रवर्तनात्मक) व्यापारलाई नै शाब्दी भावना मानेको देखिन्छ भने यसको साध्यका रूपमा आर्थी भावनालाई मानिएको छ । शाब्दी भावनाले प्रयोजक व्यक्ति (वक्ता) को अभिप्राय, आज्ञा वा इच्छासँग सम्बद्ध पक्ष हो । लौकिक शाब्दी भावना (प्रेरणा, प्रवर्तना अथवा अभिप्राय आदि) भावक व्यक्तिको मनमा रहन्छ ।

सञ्चारको आधिभौतिक, आधिदैविक एवं आध्यात्मिक पक्षसमेत समन्वित हुँदा यसमा मानसिक व्यापारका रूपमा आर्थी भावनाले पुरुषार्थ-चतुष्टय (धर्म, अर्थ, काम, मोक्ष) का लागि आकांक्षित समग्र इतिकर्तव्यतालाई आत्मसात् गर्ने मानिएको छ । तसर्थ, सञ्चारप्रक्रियालाई मानव जीवनका तीनवटै आयामहरू (आधिभौतिक, आधिदैविक एवं आध्यात्मिक) र चारवटै पुरुषार्थहरूका समन्वित दायराभित्र स्थापित मान्ने दृष्टिकोण अवलम्बन गरिएको छ ।

यदि सञ्चार प्रक्रियाको विवरण 'भावक'को प्रेषक-कर्तृत्वबाट सुरु गर्ने हो भने, उपर्युक्त प्रेषकसँग सम्बद्ध भावनालाई 'शाब्दी भावना' संज्ञाले जनाइन्छ । यसरी 'शाब्दी भावना' लाई भावक- विशेषको प्रेषक भूमिकासँग र 'आर्थी भावना'लाई भावकको प्रापक भूमिकासँग सम्बद्ध रहेको भनी बुझ्न सकिन्छ । लौकिक शाब्दी भावना (प्रेरणा, प्रवर्तना अथवा अभिप्राय आदि) भावक व्यक्तिको मनमा रहने एवं क्रियार्थक 'भावना'को 'शाब्दी भावना' भनिने अवयवले काय-व्यापार वा कर्मानुष्ठानप्रति प्रवृत्ति (अभिप्रेरणा वा उन्मुखता) को अपेक्षा गर्ने र भावनाप्रक्रियामा 'आर्थी भावना'लाई 'शाब्दी भावना'को साध्यका रूपमा लिइने मीमांसा दृष्टिकोण रहेको छ । समष्टिमा प्रत्येक 'भावक' दुई प्रकारका 'भावना-क्रिया' (शाब्दी भावना र आर्थी भावनासँग सम्बद्ध) मा रत हुने भएकाले उसले 'शाब्दी-भावक' र 'आर्थी-भावक' को संयुक्त एवं एककालिक् भूमिका निर्वाह गर्छ ।

(ग) अभिधान

'भावना' क्रियार्थक भएकोले मीमांसा मान्यतामा भावकहरूको क्रियाशीलतालाई सदैव अङ्गीकार गरिएको हुन्छ र अभिधान क्रिया भावकको 'मानसिक प्रयत्न'को फलस्वरूप सम्पन्न हुने मानिएको छ । अभिधान शब्दतः वा गैर (शब्दतः हुन सक्छ । शाब्दिक/ गैरशाब्दिक अभिधान-क्रिया भावक (प्रेषक) को कर्म हो । शब्द, अर्थ र शब्दार्थ-सम्बन्ध नित्य हुने मीमांसा मान्यता भएकाले यस अनुरूपको सञ्चार प्रक्रियामा भावक-वक्ता (प्रेषक) ले कुनै पनि सन्देश अभिधान गर्दा समुचित अर्थ आउने गरी गरोस् भन्ने अपेक्षा राखिएको हुन्छ । अभिधानका क्रममा भावकले शब्द, अर्थ र शब्दार्थ-सम्बन्धको स्वाभाविकतालाई आत्मसात् गर्न सके मात्र उपर्युक्त अभिधानले

सार्थकता पाउँछ ।

सञ्चारप्रक्रियाको विवरण 'भावक'को प्रेषक-कर्तृत्वबाट सुरु गरी प्रेषक हैसियतको भावकसँग सम्बद्ध भावनालाई 'शाब्दी भावना' संज्ञाले जनाइने हो भने उक्त 'शाब्दी भावना'लाई अभिधान-क्रियाको स्रोतका रूपमा अर्थ्याउन सकिन्छ । सञ्चाररत दुवै पक्षको एकसाथ प्रेषक र प्रापक दुवै हैसियत रहेको अभिप्राय कुमारिलको रहेको हुनाले अभिधान-क्रिया सञ्चाररत दुवै पक्ष (भावकद्वय) कै कार्य-व्यापार हो भन्ने मानिएको छ । रेखीय ढाँचामा जस्तो प्रेषक र प्रापकलाई पृथक् तत्व मान्ने र सङ्केतन/अभिव्यञ्जन (इन्कोडिङ्ग) लाई प्रेषकको मात्र कार्य-व्यापार तथा प्रतिसङ्केतन/बोध (डिकोडिङ्ग) लाई प्रापकको मात्र कार्य-व्यापार ठान्ने अयथार्थपरक मान्यता मीमांसकहरूमा नरहेको निष्कर्षमा पुगिएको छ । वास्तवमा, मीमांसादर्शनानुसारको सञ्चारप्रक्रियामा भावकद्वयले गतिमान् तवरले अभिधान र बोध दुवै कार्य-व्यापार सम्पन्न गरिरहेका हुन्छन् ।

(घ) प्रमा

प्रेषकका हैसियतमा एक भावकले अर्को भावकलाई प्रापकका रूपमा लक्ष्य गरी आफ्नो शाब्दी-भावनानुरूप अभिधान गरेको तत्वलाई बुझाउने अभिनिर्माणका रूपमा यस शोधका परिप्रेक्ष्यमा रूपमा 'प्रमा' पदलाई लिइएको छ । मीमांसा वाङ्मयमा प्रमालाई यथार्थ ज्ञानको दोस्रो नामका रूपमा अभिहित गरिएको छ । सञ्चारका परिप्रेक्ष्यमा 'प्रमा' र सूचनालाई समानार्थी अवधारणाहरू मानिएको छ । 'प्रमा' शाब्दिक र गैरशाब्दिक दुवै स्वरूपको हुन सक्छ । मीमांसा परम्परामा शाब्दिक 'प्रमा'का परिप्रेक्ष्यमा जे-जस्ता मान्यताहरू स्थापित छन्, तिनलाई गैर-शाब्दिक 'प्रमा'का हकमा समेत लागू हुने मानिएको छ । 'अर्थवाद'को मान्यताले मीमांसादर्शनानुसारको सञ्चारमा अभिप्रेरणालाई महत्वपूर्ण मानिएको अभिप्राय दिन्छ । तसर्थ, अभिधानित प्रमालाई अभिप्रेरणात्मक गुणले युक्त गराउनु पर्ने मीमांसकहरूको मत रहेको छ ।

एक भावकद्वारा अभिधानित 'प्रमा' जहिले पनि अर्को भावकका लागि लक्ष्यित हुने भएकाले यसलाई प्रेषक भूमिकामा रहेको भावक-विशेषको सापेक्षतामा मात्र हेर्नु हुँदैन । प्रत्युत, शब्द र अर्थको सम्बन्धलाई नित्य मानिने एवं सदैव शाब्दी र आर्थी भावनाको युगल विद्यमानता नै स्वीकारिने मीमांसा मतलाई ख्याल राख्दा 'प्रमा'लाई शाब्दी र आर्थी भावनाद्वयकै सापेक्षतामा हेर्नु पर्छ भन्ने निष्कर्षमा पुगिएको छ ।

(ङ) करण

श्लोकवार्तिकमा वक्ताले अभिव्यक्त (उच्चारण) गरेको बोली (ध्वनि) वायु माध्यमबाट श्रोताको श्रवणेन्द्रियसम्म पुग्ने उल्लेख गरिएको पाइन्छ । यो सामान्यीकरण हुँदा के निष्कर्षमा पुगिन्छ भने कुनै एक भावकले प्रेषक हैसियतमा अभिधान गरेको सूचना (प्रमा) निज भावकद्वारा प्रापकका रूपमा लक्ष्य गरिएको अर्को भावकसम्म पुग्नका लागि केही माध्यमको आवश्यकता पर्छ । एक भावकद्वारा अभिधानित 'प्रमा' अर्को भावकसम्म पुग्दा प्रयुक्त हुने माध्यम

अभिधानित सूचनाको प्रकृति अनुसार श्रव्य, दृश्य, स्पृश्य, नस्य र रसात्मकमध्ये कुनै एक वा एकभन्दा बढी हुन सक्ने तथ्य मीमांसादर्शनको प्रमाण र प्रमेयबारेको विमर्शबाट प्रकाशमा आउँछ ।

श्लोकवार्तिकमै चर्चा गरिएको छ कि वक्ताद्वारा अभिव्यक्त शब्द (ध्वनि) श्रोतासम्म पुग्छ वा पुग्दैन भन्ने कुरा ती दुईबीचको दूरीले निर्धारण गर्छ । कुमारिलका अनुसार, उच्चारित ध्वनिका तरङ्ग जहाँसम्म पुग्न सक्छन्, त्यहाँसम्म मात्र शब्द उपलब्ध हुन्छन् । यहाँ उनी ध्वनिका तरङ्गले कम्पन (संकुचन र सूक्ष्मीकरण) मार्फत् वायुमाध्यममा दूरी पार गर्ने र त्यस्तो दूरी असीमित भने नहुने तथ्यसँग परिचित देखिन्छन् । भावक-वक्ता (प्रेषक) द्वारा अभिधानित सन्देश भावक-श्रोता (प्रापक) सम्म पुग्नका लागि भावकद्वयबीचको दूरी सीमित हुनु पर्छ । वक्ता र श्रोताबीचको दूरी अत्यन्त धेरै छ भने वक्ताद्वारा अभिव्यक्त ध्वनि श्रोतासम्म पुग्दैन । यदि कुनै उपायले उपर्युक्त दूरीको अवरोधलाई हटाउन सकिएमा उच्चारित ध्वनिलाई त्यसको प्राकृतिक सीमाभित्रको दूरी भन्दा धेरै टाढासम्म पुऱ्याउन सकिन्छ । एक भावकले अर्को भावकलाई लक्ष्य गरी अभिधान गरेको सन्देशले ती दुईबीचको दूरी पार गर्न कुनै न कुनै माध्यम आवश्यक पर्ने आधारभूत तथ्यलाई भाट्ट-मीमांसा-दर्शनानुसारको सञ्चार प्रक्रियामा पनि आत्मसात् गरिएको छ ।

मानवहरूमा बोध-क्षमता सामाजिक सिकाइ र व्यक्तिगत अनुभवबाट विकास हुन्छ एवं यस्तो सिकाइ एवं अनुभवले लौकिक व्यवहारमा अभिधान र बोध प्रक्रियाहरूलाई संगतिपूर्ण बनाउनमा महत्वपूर्ण भूमिका खेल्छ भन्ने कुमारिलको मत रहेको निष्कर्षमा पुगिएको छ ।

मीमांसा वाङ्मयमा प्रमा, प्रमाण र प्रमेयसम्बन्धी जुन चिन्तन गरिएको छ, त्यसका आधारमा अभिनिर्माण गर्दै आधुनिक सञ्चार विधामा सञ्चार प्रक्रियाको एक तत्त्वका रूपमा माध्यम/सरणि (मिडिया वा च्यानल) संज्ञाले जुन तत्त्वलाई जनाइएको छ, त्यसलाई यस शोधका हकमा 'करण' भनी अभिहित गरिएको छ । मीमांसाको ज्ञान सिद्धान्त एवं भावना सिद्धान्तका आधारमा के देखिन्छ भने यहाँ प्राकृतिक/भौतिक वस्तुहरूका साथै मानव शरीर, ज्ञानेन्द्रिय र मनलाई समेत ज्ञानको सरणिका रूपमा स्वीकार गरिएको छ ।

यसरी सञ्चारप्रक्रियामा सहभागी 'भावक'हरूले आफ्ना-आफ्ना 'शाब्दी-भावना' लाई 'अभिधान' क्रियामार्फत् 'प्रमा' को रूपमा व्यक्त गरी 'करण' का मद्दतबाट साझेदारी गर्छन् । कुमारिलको ज्ञानविषयक सिद्धान्त र भावना सिद्धान्त दुवैका आलोकमा के निष्कर्षमा पुगिएको छ भने यसरी प्रमाको साझेदारी हुनु मात्र पर्याप्त छैन । कुमारिलको ज्ञानविषयक सिद्धान्तमा ज्ञाता, ज्ञेय र ज्ञानकरणका साथै ज्ञातता पनि छ एवं भावना सिद्धान्तले पनि 'आर्थी भावना'सम्म नपुगी

भावना-व्यापारलाई विश्राम दिँदैन । तसर्थ, सञ्चारको सिद्धान्तीकरणका क्रममा माथि उल्लेखितका साथै थप तत्वहरू पनि अभिनिर्मित गरिएका छन् ।

(च) बोध

भाट्टमतमा व्यापक एवं नित्य द्रव्यका रूपमा शब्दको मान्यतालाई अगाडि बढाउँदै शब्द र अर्थको सम्बन्ध पनि नित्य भएको मानिएको छ । शब्द र अर्थको सम्बन्ध नित्य हुने मीमांसा मान्यताका कारणले यहाँ शब्दमा नै अर्थको बोध गराउने शक्ति रहेको मानिन्छ र सोही शक्तिलाई 'लिङ्ग' पनि भनिएको छ । यो 'लिङ्ग' प्रत्येक पदमा स्वतः रहने भएतापनि लिङत्वको प्रकाशनमा श्रोताको भूमिका हुन्छ । बोध प्रक्रियामा श्रोताको भूमिका अनिवार्य छ, किनभने शब्द र अर्थको सम्बन्ध नित्य भए तापनि उक्त सम्बन्ध श्रोता स्वयम्ले बोध नगरिन्जेल प्रकाशमा आउँदैन ।

मानवहरूमा बोध-क्षमता सामाजिक सिकाइ र व्यक्तिगत अनुभवबाट विकास हुन्छ एवं यस्तो सिकाइ एवं अनुभवले लौकिक व्यवहारमा अभिधान र बोध प्रक्रियाहरूलाई संगतिपूर्ण बनाउनमा महत्वपूर्ण भूमिका खेल्छ भन्ने कुमारिलको मत रहेको निष्कर्षमा पुगिएको छ । मीमांसकहरूले अभिधा, लक्षणा र गौणी गरी तीन प्रकारलाई शब्दका वृत्तिका रूपमा मान्छन्, जसमध्ये सामान्यतः अभिधात्मक अर्थ नै लिनुपर्ने मानिएको छ । लक्षणाको सहायता त्यतिखेर मात्र लिनु पर्छ, जब वाक्यको अभिधावृत्ति-बोध्य अर्थ उपपन्न हुँदैन वा प्रसङ्गले अभिधाको (शब्दसँग) उपयुक्त सम्बन्ध बन्दैन । लक्षणामा शब्दको सोझो अर्थ नलिई सन्दर्भानुसार उपयुक्त अर्थ गरिन्छ । कतिपय अवस्थामा सादृश्य गुणका आधारमा अर्थ गर्नुपर्ने हुन सक्छ, जसलाई गौणी अर्थ भनिन्छ ।

शब्द (पद) हरूको संयोजनबाट निर्मित वाक्य नै मीमांसा मतमा अर्थबोधका एकाइ हुन् । भावक-वक्ताद्वारा अभिधानित शाब्दिक सन्देशलाई भावक-श्रोताले कसरी बोध गर्छ भन्ने प्रसङ्गमा भट्ट-मीमांसाको भावना सिद्धान्त एवं 'अभिहितान्वयवाद' उल्लेख्य छन् । भावना सिद्धान्तले आर्थी भावनालाई शाब्दी भावनाको साध्य मानेको छ । अभिहितान्वयवादी मतानुसार वाक्यमा प्रत्येक पद (शब्द) को पृथक्-पृथक् अभिधान हुने भएतापनि वाक्यार्थ गर्दा यिनका अर्थहरूलाई अन्वय गर्नुपर्छ र सोही अन्वित अर्थहरूले नै समष्टिमा लक्षणया वाक्यार्थ प्रदान गर्छन् । यस्ता वाक्यार्थलाई तात्पर्यार्थ पनि भनिन्छ ।

शब्द, अर्थ र शब्दार्थ-सम्बन्धको नित्यताको सिद्धान्तले निर्देशित हुँदै लौकिक सन्दर्भमा पनि भट्ट-मीमांसकहरू वाक्यार्थको प्रामाणिकता मान्छन् । कुमारिलका मतमा गैर-शब्दतः अभिधानित सन्देशले पनि शाब्दिक सञ्चारकै नियम अनुशरण गर्ने हुनाले दैनिक जीवनमा सन्देशाभिधानका लागि प्रयुक्त गैर-शाब्दिक सन्देशको बोधका लागि पनि शाब्दिक सन्देशको बोधकै सिद्धान्त लागू हुन्छ ।

यहाँ मीमांसानुसारको सञ्चारमा बोध प्रक्रियाबारे परिचर्चा गर्दा उक्त प्रक्रियामा इन्द्रियको विभुका हैसियतले मनको महत्त्वपूर्ण भूमिका हुन्छ । कुमारिल भट्टले आत्माको मनसँग, मनको इन्द्रियसँग

एवं इन्द्रियको वस्तुसँग सम्पर्क भएपछि ज्ञान प्राप्त हुने मत स्थापित गरेका छन् । बोध प्रक्रियामा इन्द्रिय र मन दुवैको एककालिक् भूमिका रहने मानिएको छ । आत्मा नै ज्ञानको अधिकारी मानिएको छ ।

मानव सञ्चारमा सदैव बोधमा सफलता र सर्वथा दोषरहित बोधको अवस्था रहन्छ भन्नु अयथार्थपरक हुन्छ । वास्तवमा सञ्चारका क्रममा बोधमा असफलता तथा भ्रमपूर्ण प्रतिसङ्केतनको सम्भावना रहने यथार्थलाई पनि कुमारिलले श्लोकवार्तिकमा ख्याल पुऱ्याएको एवं मिथ्याज्ञान, सन्देह र अज्ञानबाट मुक्त ज्ञानको बोधलाई जोड दिएको पाइन्छ ।

(छ) दोष

दोषहरूको कारणले मिथ्याज्ञान हुन्छ भने दोषको अभावमा सम्यक् ज्ञान हुन्छ । शबरले मनको अस्वस्थता (मानसिक दोष), ज्ञानेन्द्रियको अस्वस्थता (ऐन्द्रिक दोष) तथा बाह्य विषयमा दोष उल्लेख गरेका छन् । शबरका अनुसार, यदि लौकिक वचन कुनै प्रत्ययित (विश्वसनीय) व्यक्तिबाट आएको छ वा इन्द्रियहरूद्वारा साक्षात् ग्रहणीय छ भने त्यसलाई प्रामाणिक (सत्य, अवितथ) नै मानिन्छ भने यदि उक्त वचन कुनै अविश्वसनीय व्यक्तिबाट आएको वा इन्द्रियहरूद्वारा साक्षात् ग्राह्य छैन भने प्रामाणिक मानिँदैन ।

कुमारिल भट्टका अनुसार बोधको अप्रामाणिकता तीन प्रकारका छन्- मिथ्याज्ञान, अज्ञान र सन्देह, जसमध्ये मिथ्याज्ञान र सन्देह दोषपूर्ण कारणहरूले गर्दा हुन्छन् भने अज्ञानमा कारणको अभाव हुन्छ । यस्तै, उनी चर्चा गर्छन् कि दोषपूर्ण कुनै वक्तव्यमा असंगतिको सम्भावना वक्ताका कारणले हुन्छ भने वक्ता दोषहीन भएमा असंगति हुन पाउँदैन । वक्तामा निहित असल गुण (योग्यता) का कारणले ऊद्वारा उच्चारित शब्दमा असंगति नआएको हो । विश्वसनीय मानवमा दुई कुरा हुन्छन्- असंगतिको अभाव र योग्यता । उक्त योग्यताले असंगतिको निराकरण गर्छ । प्रामाण्य त शब्द (ज्ञान) मै स्वतः हुन्छ र वक्ताको गुण (योग्यता) को कारणले त्यसमा कुनै असंगतिले छुन पाउँदैन । मानव बोलीको आधिकारिकता अन्य प्रमाणहरूमा भर पर्ने हुनाले तिनको अभावमा दोषपूर्ण बन्छ । कुनै पनि मानव कर्तृत्व पूर्ण नहुने भएकाले (मानव प्रयत्नमा) अपूर्णता/प्रत्याख्यानको हरेक सम्भावना रहन्छ । कुमारिलको मतलाई विश्लेषण गर्दा उनले कुनै व्यक्तिद्वारा अभिधानित सन्देशको विश्वसनीयता/ प्रामाण्यको परीक्षण प्रेषकको योग्यता र दोष एवं आर्षहरूद्वारा यसको स्वीकारोक्तिमा भर पर्ने तथ्यमा जोड दिएको देखिन्छ र उनी यस्ता सन्देशमा मिथ्याज्ञान र सन्देहको सम्भावना औँल्याउँछन् ।

ज्ञानको प्रामाणिकता (प्रामाण्य, यथार्थता) का लागि ज्ञानका साधन (ज्ञान-उत्पादन सामग्री वा ज्ञान-उत्पादक कारणहरू) दोषमुक्त हुनु पर्छ । यदि ज्ञानेन्द्रियको प्रयोग सही "सम्प्रयोगे" हुन सकेन भने त्यसरी प्राप्त 'ज्ञान' दोषयुक्त हुन्छ । अर्थात्, इन्द्रियहरूमा दोष भए अभिधानित एवं बोधित सूचना सदोष हुन्छ । अनुपयुक्त माध्यम (करण) को प्रयोगले सञ्चारमा दोष उपस्थित हुन्छ भने उपयुक्त

माध्यमको प्रयोगले मात्र सञ्चारको सफलता सुनिश्चित हुन्छ ।

सूचनाको सम्पूर्ण बोधका लागि प्रापकमा आवश्यक योग्यता पनि हुनु पर्छ, अन्यथा उसले प्रेषकद्वारा अभिधानित सूचनालाई बोध गर्न सक्दैन । प्रेषकद्वारा अभिधानित सूचना प्रापकसम्म सफलतापूर्वक सम्प्रेषण भएकै अवस्थामा पनि प्रापकको मानसिक-अक्षमताका कारणले सन्देश बोध हुन सक्दैन । यसरी प्रेषकको अक्षमताले मात्र होइन, प्रापकको अक्षमताले पनि सञ्चारमा असफलता हुन सक्छ । प्रमा, प्रमाण र प्रमेय अन्तर्सम्बन्धित हुने कारणले प्रमाण र प्रमेयमा हुने कुनै पनि असंगतिले प्रमा (सूचना, ज्ञान) मा पनि दोष आउँछ । सञ्चारप्रक्रियामा यसका तत्वहरूका अलावा बाह्य (भौतिक) वस्तुहरूले पनि बाधा पु-याउन सक्ने तथ्य पनि वार्तिककारलाई विदित देखिन्छ । भाट्टमतानुयायी सुप्रसिद्ध मीमांसक पार्थसारथी मिश्रले स्थान, काल, परिस्थिति, ज्ञानेन्द्रियहरू, बोधका विषय आदिमा भएका दोषका कारणले बोध मिथ्या हुने तथा यस प्रकारका दोषहरूको अस्तित्वलाई मेटाइएको अवस्थामा प्रत्यक्ष ज्ञान प्रामाणिक हुने बताएका छन् । दोष (असंगतिहरू) बाट मुक्त ज्ञान नै प्रामाणिक हो भन्ने उनको ठहर देखिन्छ ।

दोषहरूको त्यागका लागि पहिले त्यसबारे जान्नु आवश्यक मानी मीमांसा वाङ्मयमा दोषहरूबारे विस्तीर्ण चिन्तन भएको छ । शब्दको प्रयोगमा दोष हटाउन प्रयत्न हुनैपर्छ भन्नेमा सूत्रकार, भाष्यकार, वार्तिककार सबैले जोड दिएकै देखिन्छ । सञ्चारप्रक्रियामा दोषको विद्यमानताका अनेक कारणहरू हुने, जति बढी दोष भयो उति नै बढी दोषपूर्ण बोध हुने एवं भावकहरूबीच अपेक्षाकृत सफल सञ्चारका लागि दोषको निर्हरण/परिहार अनिवार्य हुने मानिएको छ ।

(ज) प्रकरण

कुमारिलले सञ्चारप्रक्रिया सन्दर्भ-निरपेक्ष हुँदैन र अभिधानित सन्देशको अर्थ बोध जहिले पनि सन्दर्भ-सापेक्ष हुन्छ भन्ने तथ्यलाई आत्मसात् गरेको देखिन्छ । 'प्रकरण'लाई सञ्चारप्रक्रियासँग सम्बद्ध भौतिक परिवेश, सामाजिक अवस्था, सांस्कृतिक पक्ष आदिजस्ता सन्दर्भलाई जनाउने एक अभिनिर्माणका रूपमा लिइएको छ । कुमारिलले लौकिक व्यवहारका श्रोताले शब्द र अर्थको सम्बन्ध जोड्ने क्रममा (अर्थात्, बोध प्रक्रियामा) मानव कर्तृत्व, स्थान एवं भौतिक परिवेश, समयजस्ता पक्षलाई आधार मान्ने उल्लेख गरेका छन् । मानव बोलीको बोधका क्रममा भौतिक परिवेशका साथै मनोसामाजिक परिप्रेक्ष्यको पनि भूमिका हुने उनी मान्छन् भन्ने निष्कर्षमा पुगिएको छ । उनी व्यक्तिहरूका वैयक्तिक अवस्था एक-अर्कासँग अमिल्दो हुन सक्ने बताउँछन् । स्थान-भेदले गर्दा पनि मानव व्यवहारमा फरक पर्ने कुमारिलले मानेका छन् । कुमारिलले लिखित पाठको अर्थबोधका लागि संशय भएमा उपरान्तका अनुच्छेदको मद्दतबाट निष्कर्षमा पुग्न सकिने विश्लेषण गरेका छन् ।

(झ) जिज्ञासा

कुमारिलद्वारा गरिएको मीमांसाबाट उजागर हुन्छ कि उनी ज्ञानको एकोहोरो प्रवाहमा विश्वास राख्दैनन् । यस्तो

पृष्ठभूमिमा मीमांसादर्शन र सो दर्शनानुसारको सञ्चारप्रक्रियालाई रेखीय संरचनाले प्रतिनिधित्व गर्न सक्ने अवस्था रत्तिभर देखिँदैन । प्रेषकको भाव सङ्केतन भई सन्देशको रूपमा सरणिमार्फत् प्रापकसम्म पुगी उसले त्यसलाई सफलतापूर्वक प्रति-सङ्केतन गरी ग्रहण गरेर मात्र सञ्चारप्रक्रिया सम्पन्न भएको मानिँदैन, प्रत्युत 'प्रतिक्रिया' को कारणले सञ्चार चक्रवत् बन्न पुग्छ र सञ्चारप्रक्रियाले निरन्तरता पाउँछ । एक अभिनिर्माणका रूपमा 'जिज्ञासा' ले पनि सञ्चारप्रक्रियामा 'भावक' हरूको एककालिक् एवं गतिमान् पारस्परिक सम्बन्धको व्याख्या प्रस्तुत गर्नुका साथै 'भावना-व्यापार' को संरचनालाई अटुट बनाउँछ भन्ने निष्कर्ष निकालिएको छ ।

(ञ) सञ्चारप्रक्रियाको साध्य : आर्थी भावना

मीमांसाको भावना सिद्धान्त (द्रष्टव्य : अधिकारी, वि.सं. २०६९ख) अनुसार नै सञ्चारप्रक्रियाको भाट्ट-मीमांसा ढाँचामा सञ्चारको साध्य (लक्ष्य) का रूपमा आर्थी भावनालाई अङ्गीकार गरिएको छ र त्यसलाई विशेषतः लौकिक सञ्चारका परिप्रेक्ष्यमा भावकहरूबीचको सञ्चारबाट कुनै 'भावना' (क्रियार्थक) मा प्रवृत्त हुने उद्देश्यपरक परिघटनाका रूपमा लिइएको छ । सञ्चारको आधिभौतिक, आधिदैविक एवं आध्यात्मिक पक्षसमेत समन्वित हुँदा यसमा मानसिक व्यापारका रूपमा आर्थी भावनाले पुरुषार्थ-चतुष्टय (धर्म, अर्थ, काम, मोक्ष) का लागि आकांक्षित समग्र इतिकर्तव्यतालाई आत्मसात् गर्ने मानिएको छ । तसर्थ, सञ्चारप्रक्रियालाई मानव जीवनका तीनवटै आयामहरू (आधिभौतिक, आधिदैविक एवं आध्यात्मिक) र चारवटै पुरुषार्थहरूका समन्वित दायराभित्र स्थापित मान्ने दृष्टिकोण अवलम्बन गरिएको छ ।

मुख्य सन्दर्भ सामग्रीहरू

अधिकारी, निर्मलमणि । वि.सं. २०६९क । सञ्चारप्रक्रियाको भाट्ट-मीमांसा-दार्शनिक अध्ययन । विद्यावारिधि शोधप्रबन्ध । वसन्तपुर, काठमाडौं : नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्र ।

अधिकारी, निर्मलमणि । वि.सं. २०६९ख । मीमांसा दर्शनको भावना सिद्धान्त । मधुपर्क, ४५(६), ३४-३७ ।

जैमिनिकृत मीमांसासूत्र ।

शबरकृत मीमांसाभाष्य ।

कुमारिलकृत श्लोकवार्तिक ।

कुमारिलकृत तन्त्रवार्तिक ।

❖